## बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड - ८ संख्या - ७ मितिः २०८१ पौष १६

# भाग - २

नमुना बाख्रा फार्म व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१

बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
बागमती प्रदेश

बेनीघाट रोराङ गाउँपालिका

स्थानीय राजपत्र

खण्ड - ८ संख्या - ७ मितिः २०८१ भदौ ६

# नमुना बाख्रा फार्म व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्विकृत मितिः २०८१/०८/१६

**प्रस्तावना :** बेनीघाट रोराङ गाउँपालिका र बागमती प्रदेश सरकारको संयुक्त लागत साझेदारीमा नव प्रवर्धन कार्यक्रम अन्तर्गत यस बेनीघाट रोराङ गाउँपालिका वडा नं.-७, चाँपटारमा सञ्चालित नमुना बाख्रा फार्म आ.व.२०७९/०८० देखि सञ्चालनमा रहेको छ । यस फार्मको दीर्घकालीन रुपमा व्यावसायिक सञ्चालन गर्न तथा स्थानीय सामुदायलाई आयआर्जनको अवसर सृजना गरी गरिबी न्यूनीकरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस बेनीघाट रोराङ गाउँकार्यपालिकाको निर्णयबाट नमुना बाख्रा फार्म व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"नमुना बाख्रा फार्म व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) **"कार्यविधि"** भन्नाले नमुना बाख्रा फार्म व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले नमुना बाख्रा फार्म सञ्चालन कार्यक्रम सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले बेनीघाट रोराङ गा.पा. मातहतका १० वटै वडा सम्झनु पर्छ ।

(च) **"शाखा"** भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्छ |

(छ) "अध्यक्ष" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले नमुना बाख्रा फार्म व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्छ ।

(झ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ |

**३. उद्देश्यः**

(क) फार्मलाई व्यावसायिक रुपमा सञ्चालन गर्न फार्मको आन्तरिक आम्दानीबाट कम्तिमा चालु खर्च धान्न सक्ने गरी आत्मनिर्भर बनाउने,

(ख) पशुपालन गर्ने कृषकहरुलाई सर्वसुलभ रुपमा उन्नत तथा स्थानीय जातका बाख्राको पाठापाठी बिक्री वितरण गर्ने,

(ग) बाख्रा पालन पकेट क्षेत्रको विस्तार गर्ने,

(घ) यस गाउँपालिकालाई मासु उत्पादनमा आत्मनिर्भर बनाउने,

(ङ) यस गाउँपालिकाको जनताको लागि रोजगारी सिर्जना गर्ने,

(च) फार्मबाट उत्पादित पाठी समुदायका विपन्न वर्ग तथा समुदायमा सहुलियत तवरले पाठी साटासाट कार्यक्रम बनाई उपलब्ध गराउने,

(छ) बाख्राको मल बिक्रि गरी फर्मको आम्दानीको श्रोत बढाउने,

(ज) यस गाउँपालिकाको आन्तरिक श्रोत (राजश्व) वृद्धि गर्ने ।

## परिच्छेद-२

## नमुना बाख्रा फार्म व्यवस्थापन तथा सञ्चालन समिति

**४. नमुना बाख्रा फार्मलाई व्यवस्थित बनाउन तपसिल बमोजिमको फार्म व्यवस्थापन तथा सञ्चालन समिति हुनेछ :**

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिकाको उपाध्यक्ष | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (च) योजना शाखा प्रमुख | - सदस्य |
| (छ) बाख्रा फर्ममा कार्यरत प्राविधिक कर्मचारी | - सदस्य |
| (ज) स्थानीय समुदायमा व्यावसायिक बाख्रा पालन गर्ने कृषक अध्यक्षले तोकेको (१ जना महिला र १ जना पुरुष) | - सदस्य |
| (झ) पशु सेवा शाखा प्रमुख | - सदस्य सचिव |

## परिच्छेद-३

## समितिको काम, कर्तव्य र अधिकार

**५. समितिको काम, कर्तव्य र अधिकार हुनेछ :**

(क) फार्ममा रहेको बोका प्रजननको लागि प्रयोग गरे बापतको मूल्य र फार्मबाट उत्पादित वस्तु जस्तै; पाठापाठी, खसी, बोका, बाख्रा, मल, आदिको मूल्य निर्धारण गर्ने ।

(ख) फार्म सुधार र व्यवस्थापनको लागि आवश्यक कार्ययोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ।

(ग) फार्मको लागि आवश्यकता अनुसारको श्रमिक कामदार तथा कर्मचारीको कार्य सम्पादनको अनुगमन गर्ने ।

(घ) फार्ममा उत्पादन भएको वस्तुको बजार व्यवस्थापन गर्ने ।

(ङ) फार्मको लागि आवश्यक पर्ने वस्तु जस्तै; दाना, घाँस, बाख्राको औषधी, मल, घाँसको बिउ, बेर्ना, बाख्रा, बोका, उपकरण, आदि खरिद बिक्रीको व्यवस्था मिलाउने ।

(च) दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकको संख्या एकिन गरी कर्मचारी व्यवस्थापनको लागि सिफारिस गर्ने ।

(छ) समय समयमा फार्मको निरीक्षण गरी फार्मको जिन्सी, नगदी लगायत वस्तुको अद्यावधिक गर्ने।

(ज) समितिको आवश्यकता अनुसार समितिको बैठक तथा छलफल मार्फत फार्म सञ्चालनको क्रममा आइपरेका समस्याहरुको समाधान गर्ने ।

(झ) पाठी साटासाट कार्यक्रमको लागि विपन्न लक्षित पाठी साटासाट कार्यक्रमको ढाँचा तयार गरी कार्यान्वयन गर्ने ।

## परिच्छेद-४
## कर्मचारी व्यवस्थापन

**६.कर्मचारी दरबन्दी :** नमुना बाख्रा फार्म सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको कर्मचारी गाउँपालिकाले प्रचलित नियमानुसार व्यवस्थापन गर्नेछ ।

(क) पशु चिकित्सक अधिकृत (अधिकृतस्तर आठौं) - १जना (आवश्यकता अनुसार)

(ख) ना.प.स्वा.प्रा./प.स्वा.प्रा. (सहायकस्तर चौथो/पाँचौं) - २जना

(ग) कामदार (ज्यालादारी) - ५जना

अन्त्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फार्ममा कार्यरत कर्मचारी मध्ये माथिल्लो तहमा कार्यरत कर्मचारी फार्म प्रमुख हुनेछ ।

**७. कर्मचारीहरुको काम, कर्तव्य र जिम्मेवारी :**

**(क) पशु चिकित्सक अधिकृत**

- नमुना बाख्रा फार्मका बाख्राहरुको नियमित रुपमा र आवश्यकता अनुसार स्वास्थ्य परिक्षण गर्नु पर्छ ।
- फार्मका बाख्रा कुनै कारणले अचानक मृत्यु भएमा बाख्राको पोस्टमार्टम गरी रोग निदान गर्नु पर्छ ।
- फार्मका अन्य कर्मचारीलाई आवश्यकता अनुसार निर्देशन दिई काममा लगाउने र बाख्राको व्यवस्थापन गर्नु पर्छ ।

**(ख) ना.प.स्वा.प्रा./प.स्वा.प्रा. (सहायकस्तर चौथो/पाँचौं)**

- नमुना बाख्रा फार्मको सम्पूर्ण कार्यको जिम्मेवारी लिई फार्म सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गाउँपालिकाको निर्देशन अनुसार कार्य गर्नु पर्छ ,

- फार्ममा आईपर्ने सम्पूर्ण दैनिक कार्य र आवश्यकता अनुसार श्रममूलक कार्य समेत गर्नु पर्छ,
- फार्मको आर्थिक तथा भौतिक प्रगतिको विवरण तयार गरी (मासिक, चौमासिक र वार्षिक) रुपमा गाउँपालिकामा बुझाउनु पर्छ,
- फार्ममा आवश्यक परेको सामान उपलब्ध गराउने तथा जिन्सी रेकर्ड अद्यावधिक गर्नु पर्छ,
- फार्ममा आवश्यक पर्ने सामान खरिद गर्दा नेपाल सरकारको प्रचलित आर्थिक नियमको परिधिमा समितिको निर्णय अनुसार गर्नु पर्छ,
- फार्ममा आवश्यक फुटकर प्रकृतिको खरिद नियमानुसार गर्ने अन्यको हकमा गाउँ कार्यपालिकामा रहेको जिन्सी शाखा र योजना शाखासँग समन्वय गर्नु पर्छ,
- फार्ममा रहेका बाख्राका ट्याग नं. बमोजिम रेकर्ड राख्नु पर्छ,
- फार्ममा रहेका बाख्राहरुको हेरचाह तथा आहार तालिका अनुसार मिलाई खुवाउन लगाउनु पर्छ,
- फार्ममा रहेका बाख्राहरुलाई तालिका अनुसार जुकाको औषधी खुवाउने तथा खोप लगाउनु पर्छ,
- बाख्राको स्वास्थ्यमा ध्यान दिनु पर्छ,
- दफा ४ बमोजिम गठित समितिले तय गरेको व्यावसायिक कार्ययोजना बमोजिम कार्य सम्पादन गर्नु पर्छ,
- श्रमिक तथा कामदारको खटन पटन तथा निर्देशन गरी परिचालन गर्नु पर्छ ।

**(ग) कामदार (ज्यालादारी)**

- प्राविधिकको निर्देशन बमोजिम दैनिक न्यूनतम ८ घण्टा काम गर्नु पर्छ ।
- फार्मका बाख्राहरुको लागि घाँस काट्ने, तालिका अनुसार घाँस र दानापानी मिलाई खुवाउने, बाख्रा चरनमा सुरक्षित बाख्राको संख्या एकिन गरी लिएर जाने र ल्याउने गर्नु पर्छ,
- बाख्राहरुको अवस्था दैनिक रुपमा फार्म प्रमुख र आफू भन्दा माथिल्लो कर्मचारीलाई जानकारी गराउनु पर्छ,
- बाख्राको लागि सिजन अनुसारका घाँस फार्ममा रहेका जग्गामा आदेश अनुसार लगाउनु पर्छ,
- फार्मलाई सफा र स्वच्छ राख्नु पर्छ,
- फार्ममा आदेश विना कसैलाई पनि प्रवेश गर्न दिनु हुदैन्,
- फार्म तथा चरनमा गएका बाख्रालाई जंगली जनावरबाट सुरक्षित राख्नु पर्छ ।

## परिच्छेद-५

## विविध

**८. आर्थिक दायित्व :** नमुना बाख्रा फार्मको आर्थिक दायित्व गाउँपालिकाको मातहतमा हुनेछ ।

**८.१ नमुना बाख्रा फार्मको बजेट तथा कार्यक्रम खर्चः**

फार्मको बजेट तथा कार्यक्रम तयार गरी खर्च गर्दा निम्नानुसारको खर्च शीर्षकमा औचित्य अनुसार बाँडफाँट गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई खर्च गर्नु पर्छ ।

| सि.नं. | खर्च शीर्षक |
|---|---|
| क. | कर्मचारीको तलब |
| ख. | बाख्राको आहार व्यवस्थापन |
| ग. | फार्म मर्मत तथा निर्माण/फार्मको पूर्वधार विकास |
| घ. | बाख्राको बिमा शुल्क तथा बिजुली, पानी र सञ्चार महसुल |
| ङ. | फार्मको लागि सामान खरिद |
| च. | बाख्राको औषधी खरिद तथा उपचार खर्च |
| छ. | ढुवानी खर्च |
| ज. | विविध खर्च |

**९. नमुना बाख्रा फार्म सञ्चालन प्रक्रिया :**

(क) नमुना बाख्रा फार्म गाउँपालिका अन्तर्गतको एउटा अविच्छिन्न एकाइको रुपमा हुनेछ ।

(ख) फार्म सञ्चालनको लागि आवश्यक पर्ने बजेटको प्रस्ताव गरी प्रत्येक आर्थिक वर्षको जेठ महिना भित्र माग गरी गाउँपालिकामा पठाउनु पर्नेछ ।

(ग) फार्मको मासिक, चौमासिक र वार्षिक रुपमा आर्थिक तथा भौतिक प्रगती गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(घ) फार्म सञ्चालनको लागि गाउँपालिकाबाट प्राप्त बजेट माथि उल्लेखित शीर्षकको परिधिमा खर्च गर्नु पर्नेछ ।

**९.१ फार्मको आम्दानी तथा खर्च व्यवस्थापन :**

(क) फार्ममा आवश्यक पर्ने बाख्रा तथा बोका सरकारी फार्मबाट खरिद गर्दा सोझै खरिद गरिने फार्मको दररेट अनुसार खरिद गर्न सकिनेछ ।प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि तथा पशुपंक्षी फार्मबाट खरिद गर्दा नेपाल सरकारको प्रचलित कानून बमोजिम तथा आर्थिक नियमावली बमोजिम खरिद गरी व्यवस्थापन गरिनेछ ।

(ख) फार्ममा उत्पादन भएको बाख्रा, बोका, खसी, पाठापाठी र उत्पादन दिन नसकेको बाख्राहरु अनुसूची-१ अनुसारको मूल्यमा बिक्री गरिनेछ ।

(ग) फार्मको बाख्राको मल फार्मलाई आवश्यकता भन्दा बढी भएको खण्डमा फार्मको निर्धारित अनुसूची-१ अनुसारको मूल्यमा बिक्री गरी व्यवस्थापन गरिनेछ ।

(घ) फार्मलाई आवश्यक पर्ने सामान जस्तै घाँसको बेर्ना, बिउ, दाना, उपकरण, भाडा, बाख्राको औषधी, आदि सामान नेपाल सरकारको प्रचलित कानुन बमोजिम खरिद गरी व्यवस्थापन गरिनेछ ।

(ङ) फार्ममा भएको बोका प्रजननको लागि एक पटक प्रयोग गर्दा स्थानीय कृषक/बाख्रा फार्मले फार्मको निर्धारित अनुसूची-१ अनुसारको मूल्यमा सेवा लिन सक्नेछन् ।

(च) फार्मलाई आवश्यक पर्ने भौतिक पूर्वधार निर्माणको कार्य जस्तैः घेराबार, भण्डार कोठा, थप खोर, आदि निर्माण प्रचलित कानुनको परिधि भित्र रही उपभोक्ता समिति मार्फत गरिनेछ ।

(झ) विपन्न परिवारको आय आर्जन र पोषण अवस्थामा सुधार ल्याउन पाठी साटासाट कार्यक्रम बनाई पाठी वितरण गरी व्यवस्थापन गरिने छ । यस कार्यक्रममा विपन्न परिवारलाई वडाको सिफारिसमा फार्मबाट उत्पादन भएको ३ महिना उमेर पुगेका दुई वटा पाठी सापटीको रुपमा दिईने छ र जस बापत उक्त परिवारले ३ वर्ष भित्रमा त्यस पाठीहरुबाट जन्मेको पहिलो २ वटा (३ महिना उमेर पुगेपछि) पाठी फार्मलाई फिर्ता गर्नु पर्छ । यदि सापटी दिएको पाठीको ३ वर्ष भित्रमा पाठी नजन्मेको खण्डमा ३ महिना उमेर पुगेका पाठी खरिद गरी फार्मलाई फिर्ता गर्नु पर्नेछ ।

**१०. समन्वयः**

नमुना बाख्रा फार्म सञ्चालन गर्नको लागि नमुना बाख्रा फार्म सञ्चालन तथा व्यवस्थापन समिति, पशु सेवा शाखा र गाउँपालिकाको कार्यालयसँग समन्वय गर्नु पर्नेछ। आवश्यकता अनुसार भेटेरिनरी कलेज, कृषक समूह, पशुपालन सम्बन्धि काम गर्ने अन्य निकाय तथा गैह्र सरकारी संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।

**११. प्रगती प्रतिवेदनः**

परिच्छेद-२ दफा ४ बमोजिम गठित समितिको सदस्य सचिवले नमुना बाख्रा फार्मको मासिक, चौमासिक र वार्षिक रुपमा प्रगती प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**१२. अनुगमन तथा सुपरिवेक्षणः**

नमुना बाख्रा फार्मको अनुगमन तथा सुपरिवेक्षण बेनीघाट रोराङ गाउँपालिकाको पशु सेवा शाखा, नमुना बाख्रा फार्म सञ्चालन तथा व्यवस्थापन समिति र बेनीघाट रोराङ गाउँपालिकाको कार्यालयले जुनसुकै समयमा अनुगमन गर्न सक्छ । फार्म प्रमुखले उल्लेखित निकाय तथा निर्दिष्ट व्यक्ति वा कार्यालयले माग गरे बमोजिम तथ्याङ्क तथा विवरण उपलब्ध गराउनु पर्नेछ । अनुगमनको विवरण तथा प्राप्त निर्देशनको अभिलेखीकरण गर्नुपर्नेछ ।

**१३. प्रचलित कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

**१४. संशोधन, बचाउ र खारेजः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधाअवरोध परेमा गाउँकार्यपालिकाले आवश्यक संशोधन तथा खारेज समेत गर्न सक्ने छ । यो कार्यविधिको कार्यान्वयन गर्नु सरोकारवाला सबैको कर्तव्य र जिम्मेवारी हुनेछ ।

**अनुसूची-१**

बेनीघाट रोराङ गाउँपालिका

**नमुना बाख्रा फार्म**

बेनीघाट - ७, चाँपटार

**बाख्राको मूल्य**

यस गाउँपालिकाको नमुना बाख्रा फार्म, चाँपटारबाट उत्पादन एवम् विक्री हुने वस्तुको मूल्य तपसिल बमोजिमको ढाँचामा फार्म व्यवस्थापन तथा सञ्चालन समितिले निर्धारण गरेको मूल्यमा उपलब्ध गराउन सकिनेछ ।

तपसिलः

**क. विक्रीको लागि :**

| क्र.स. | विवरण | एकाइ | मूल्य | कैफियत |
|---|---|---|---|---|
| १. | शुद्ध सानन् बोका/पाठा (१००%) | के.जी. | | |
| २. | शुद्ध सानन् बाख्रा /पाठी (१००%) | के.जी. | | |
| ३. | सानन् क्रस बोका/पाठा (५०%-७५%) | के.जी. | | |
| ४. | सानन् क्रस बाख्रा /पाठी (५०%-७५%) | के.जी. | | |
| ५. | शुद्ध बोयर बोका/पाठा (१००%) | के.जी. | | |
| ६. | शुद्ध बोयर बाख्रा/पाठी (१००%) | के.जी. | | |
| ७. | बोयर क्रस बोका/पाठा (५०%-७५%) | के.जी. | | |
| ८. | बोयर क्रस बाख्रा/पाठी (५०%-७५%) | के.जी. | | |
| ९. | खरी बोका/पाठा (१००%) | के.जी. | | |
| १०. | खरी बाख्रा/पाठी (१००%) | के.जी. | | |
| ११. | जमुनापारी क्रस (५०%-७५%) | के.जी. | | |
| १२. | कलिङ् बोका | के.जी. | | |
| १३. | कलिङ् बाख्रा | के.जी. | | |
| १४. | बाख्राको मल | के.जी. | | |
| १५. | बोका प्रजननको लागि प्रयोग गरेको | पटक | | |

**ख.** गाउँपालिकाको फार्म व्यवस्थापन तथा सञ्चालन समितिले निर्धारण गरेको मूल्यमा (कलिङ् बोका/बाख्रा बाहेकको रकममा) ७५% प्रतिशत अनुदानमा कृषक समूहलाई कार्यपालिकाको निर्णयको आधारमा पाठा/बोका र पाठी/बाख्रा हस्तानतरण गर्न सकिनेछ ।

**अनुसूची-१**

बेनीघाट रोराङ गाउँपालिका

**नमुना बाख्रा फार्म**

बेनीघाट - ७, चाँपटार

**बाख्राको मूल्य**

यस गाउँपालिकाको नमुना बाख्रा फार्म, चाँपटारबाट उत्पादन एवम् विक्री हुने वस्तुको मूल्य तपसिल बमोजिमको ढाँचामा फार्म व्यवस्थापन तथा सञ्चालन समितिले निर्धारण गरेको मूल्यमा उपलब्ध गराउन सकिनेछ ।

<u>तपसिलः</u>

**क. विक्रीको लागि :**

| क्र.स. | विवरण | एकाइ | मूल्य | कैफियत |
|---|---|---|---|---|
| १. | शुद्ध सानन् बोका/पाठा (१००%) | के.जी. | १०००/- | |
| २. | शुद्ध सानन् बाख्रा /पाठी (१००%) | के.जी. | ८००/- | |
| ३. | सानन् क्रस बोका/पाठा (५०%-७५%) | के.जी. | ५००/- | |
| ४. | सानन् क्रस बाख्रा /पाठी (५०%-७५%) | के.जी. | ४००/- | |
| ५. | शुद्ध बोयर बोका/पाठा (१००%) | के.जी. | २०००/- | |
| ६. | शुद्ध बोयर बाख्रा/पाठी (१००%) | के.जी. | २०००/- | |
| ७. | बोयर क्रस बोका/पाठा (५०%-७५%) | के.जी. | ८००/- | |
| ८. | बोयर क्रस बाख्रा/पाठी (५०%-७५%) | के.जी. | ६००/- | |
| ९. | खरी बोका/पाठा (१००%) | के.जी. | ५००/- | |
| १०. | खरी बाख्रा/पाठी (१००%) | के.जी. | ४००/- | |
| ११. | स्थानीय क्रस (५०%-७५%) बोका/पाठा | के.जी. | ४५०/- | |
| १२. | स्थानीय क्रस (५०%-७५%) बाख्रा/पाठी | के.जी. | ३५०/- | |
| १३. | कलिङ् बोका | के.जी. | ४००/- | |
| १४. | कलिङ् बाख्रा | के.जी. | २००/- | |
| १५. | बाख्राको मल | के.जी. | ५/- | |
| १६. | बोका प्रजननको लागि प्रयोग गरेको | पटक | १००/- | |

**ख.** गाउँपालिकाको फार्म व्यवस्थापन तथा सञ्चालन समितिले निर्धारण गरेको माथि उल्लेखित मूल्यमा (कलिङ् बोका/बाख्रा बाहेकको रकममा) ७५% प्रतिशत अनुदानमा कृषक समूहलाई कार्यपालिकाको निर्णयको आधारमा पाठा/बोका र पाठी/बाख्रा हस्तानतरण गर्न सकिनेछ ।

आज्ञाले

नर्बदा घिमिरे

प्रमुख प्रशासकीय अधिकृत